# अन्तर विद्यालय

# अवलोकन भ्रमण

# प्रतिवेदन

⇓

## श्री जीवनोद्धार माध्यमिक विद्यालय

कालीगण्डकी गा.पा.-४, पूर्तिघाट, गुल्मी

मिति : २०८२/०३/२२ गते आइतबार

# लेखन समिति

| क्र.सं. | शिक्षक तथा कर्मचारीको नामथर | पद | कै. |
|---|---|---|---|
| १. | गोविन्द गौतम | शिक्षक | |
| २. | सुन्दर आले | शिक्षक | |

# विषयसूचि


| क्र.सं. | शीर्षक | पृष्ठ सङ्ख्या | कै. |
|---|---|---|---|
| १. | पृष्ठभूमि | १ | |
| २. | भ्रमणको उद्देश्य | १ | |
| ३. | भ्रमणका गतिविधि र क्रियाकलापहरु | २ | |
| ४. | श्री ग्वाघा माध्यमिक विद्यालय | २ | |
| ५. | भार्से देउराली | ४ | |
| ६. | भ्रमणका सबल पक्षहरु | ५ | |
| ७. | भ्रमणका दुर्वल पक्षहरु | ५ | |
| ८. | सुझाव तथा निष्कर्ष | ५ | |
| ९. | परिशिष्ट खण्ड | ६,७,८ | |

## १. पृष्ठभूमि

मिति २०८२/०३/२२ गते आइतबारका दिन यस श्री जीवनोद्धार माध्यमिक विद्यालय कालीगण्डकी गाउँपालिका-४, पूर्तिघाट, गुल्मीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री निम बहादुर श्रीसज्यूको नेतृत्व तथा वडा नं. ४ का वडाअध्यक्ष एवम् वि.व्य.स. सदस्य सु. श्री होम बहादुर थापाको अगुवाई विद्यालयका प्रधानाध्यापक श्री प्रेम बहादुर थापा तथा विद्यालय व्यवस्थापन समितिका सदस्य श्री मेघराज शर्माज्यूको समन्वय तथा सहजीकरण र विद्यालयका सम्पूर्ण शिक्षक तथा कर्मचारी एवम् होस्टेल इन्चार्जको सहभागितामा चन्द्रकोट गा.पा.-५, ग्वाघा, गुल्मीमा अवस्थित श्री ग्वाघा मा.वि., ग्वाघामा शैक्षिक अवलोकन भ्रमण तथा शिक्षण सिकाईका असल अभ्यासहरुको आदान प्रदान गर्नका लागि जाने अवसर हामी सबैलाई प्राप्त भयो । यस्तो महत्वपूर्ण अवसर प्रदान गर्नुहुने सम्बद्ध सबैलाई हार्दिक धन्यवाद एवम् आभार प्रकट गर्दछौं । न्यानो आतिथ्यता तथा असल अभ्यासका लागि गरिएका कार्यकलाप, अवसर र चुनौतिका विषयमा सहर्ष जानकारी गराई सहयोग गर्नुहुने ग्वाघा माध्यमिक विद्यालयका प्रधानाधापक, शिक्षक, कर्मचारी एवम् वि.व्य.स. अध्यक्ष तथा आर्थिक व्यवस्थापन समितिका अध्यक्ष र अभिभावकज्यूहरुलाई पनि हार्दिक धन्यवाद नदिईरहन सकिदैन । श्री ग्वाघा मा.वि.ले आर्थिक, शैक्षिक, भौतिक क्षेत्रमा गरेको लोभ लाग्दो प्रगतिका लागि सम्बद्ध पक्षहरु धन्यवादका पात्रहरु हुनुहुन्छ ।

## २. भ्रमणको उद्देश्य

श्री ग्वाघा माध्यमिक विद्यालयको अवलोकन गरी उक्त विद्यालयमा देखिएका असल अभ्यासहरुलाई हाम्रो विद्यालयमा कार्यान्वयन गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न र भौतिक रुपमा राम्रो विद्यालय बनाउनका लागि पहल गर्ने रहेको छ । साथै तहाँ विद्यालयमा गरिएका विभिन्न रचनात्मक

क्रियाकलापको अनुसरण गरी उक्त क्रियाकलापलाई कार्यान्वयन गर्दै लैजानु नै हाम्रो मुख्य उद्देश्य रहेको छ ।

## ३. भ्रमणका गतिविधि र क्रियाकलापहरु

श्री ग्वाघा माध्यमिक विद्यालय, चन्द्रकोट गा.पा.-५, ग्वाघा, गुल्मी हाम्रो उक्त दिनको गन्तव्य रह्यो । विद्यालयको भौतिक शैक्षिक वातावरणीय समग्र पक्षको अवलोकन गर्नुका साथै उक्त विद्यालयको कृषि कार्य समेत प्रशंसा गर्न लायक रहेको पाईयो । तहाँ विद्यालयको प्रधानाध्यापक श्री प्रकाश थापाज्यूको प्रशिक्षणात्मक क्रियाकलाप तथा कार्य सहजीकरणमा सहभागि भयौं । व्यवस्थित गरेका कक्षा कोठा व्यवस्थित, कम्प्युटर ल्याव, विज्ञान प्रयोगशालाको समेत अवलोकन गरियो । उक्त विद्यालयका शिक्षक कर्मचारी तथा वि.व्य.स. अध्यक्ष तथा आर्थिक व्यवस्थापन समितिका संयोजकको न्यानो आतिथ्यताले निकै प्रभाव हाम्रो मानसपटलमा पारेको अनुभव गरियो ।

## ४. श्री ग्वाघा माध्यमिक विद्यालय

**श्री ग्वाघा माध्यमिक विद्यालयका असल अभ्यासहरुलाई निम्नानुसारका बुँदामा समेट्ने प्रयास गरिएको छ । कुनै कुरा छुट भएमा सुझावको समेत अपेक्षा गरिएको छ ।**

<u>तपसिलः-</u>

- कक्षा ८ सम्म अङ्ग्रेजी माध्यममा पठन पाठन गरिएको,
- गुणस्तरीय तथा गुणात्मक शिक्षामा जोड दिइएको,
- नियमित अभिभावक अन्तरक्रिया र छलफल हुने गरेको,
- स्वच्छ, सफा सुग्घर वातावरणमा जोड दिइएको,
- पञ्चवर्षीय कार्ययोजना निर्माण गरी सोहि अनुरुप लक्ष्य प्राप्त गर्न कार्य सम्पादन गरिएको,

- पचास हजार भन्दा माथिको निशर्त अक्षय कोष स्थापनामा जोड दिइएको । जसका लागि अभिभावकज्यूहरुको उल्लेख्य सहभागिता रहेको,
- कमजोर विद्यार्थीलाई निरन्तर रुपमा अतिरिक्त कक्षाको व्यवस्था गर्नुका साथै घरदैलो कार्यक्रममा जोड दिइएको,
- निर्माणात्मक मूल्याङ्कनलाई प्राथमिकतामा राखिएको,
- सहपाठी शिक्षणलाई प्रभावकारी कार्यान्वयनमा ल्याईएको,
- आवश्यकता अनुसार स्वयम सेवक शिक्षकलाई परिचालन गरिएको,
- विदाको समयमा टोलमा रहेका अगुवा विद्यार्थीहरुबाट सिकाई सहजीकरण गर्ने गरिएको,
- विषयगत आन्तरिक विभागलाई सशक्त बनाइएको,
- आर्थिक समिति गठन गरी आर्थिक पारदर्शितामा जोड दिइएको र हरेक महिनामा आम्दानी खर्च सार्वजनिक गर्ने गरेको,
- आमा शिक्षा कार्यक्रमलाई सञ्चालन गरी निरन्तरता दिइएको,
- शिक्षक स्व मूल्याङ्कन फारमको विकास गरी कार्यान्वयनमा ल्याइएको,
- समय-समयमा विज्ञ समूहहरुबाट विद्यार्थीहरुलाई उत्प्रेरणा र प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने गरिएको,
- शिक्षकहरुको त्याग र समर्पण रहेको साथै विदाका दिनमा पनि विद्यालयको कृषि कार्यमा आबद्ध हुने गरेको,
- लोभ लाग्दो कृषि उत्पादन र आम्दानि गरी सहि ठाउँमा परिचालन गरिएको, यसका लागी विद्यार्थीहरुलाई नै उत्तरदायी बनाइएको,
- अभिभावकहरुको उल्लेख्य सहभागिता, साथ र सहयोग रहेको,
- समितिहरुको प्रत्यक्ष निगरानी र सङ्लग्नता रहेको
- प्र.अ. स्वयम् नै होस्टेल वार्डेन भई विद्यार्थीको निरन्तर निगरानी गर्ने गरेको,
- विद्यालय समुदाय बीच अन्योन्याश्रित सम्बन्ध कायम गरिएको ।

- अभिभावकहरुले स्वतः स्फुर्त रुपमा विद्यालयमा सरस्वती मन्दिर लगाएतका भौतिक पूर्वाधार, शैक्षिक सामाग्रीहरुका लागि रकम सहयोग गर्ने गरेको,
- कक्षा ६-१२ सम्मका विद्यार्थीहरुले टिफिन समयमा पनि कृषि कर्ममा सक्रिय रुपले परिश्रम गर्ने गरेको,
- हरेक विद्यार्थीहरुमा अनुशासन, संस्कार लगाएत अतिथि सत्कारको ज्ञान भएको,
- विद्यालयको नतिजा उल्लेख्य सुधार भएको,

## ५. भार्से देउराली

अवलोकन भ्रमणको क्रममा ग्वाघा माध्यमिक विद्यालयको समग्र पक्षको अध्ययन अवलोकन पश्चात फर्कने क्रममा रमणीय स्थल भार्से देउरालीको पनि अवलोकन गर्ने अवसर प्राप्त भयो । स्थानीयहरुको सहभागीता र व्यवस्थापनमा सुन्दर पार्क निर्माण गरी आकर्षक बौद्ध स्तुपा, विशाल बौद्ध मूर्तिको स्थापना गरी शान्तिको सन्देश छर्ने कार्य भएकोमा क्रियाशील सबै पक्षलाई धन्यवाद दिनै पर्ने हुन्छ । धेरै समय बस्ने र रमाउने मन हुँदा हुँदै पनि प्रतिकुल मौसम र समय अभावका कारण लगभग ४ बजे तिर हामी पुनः विद्यालय तर्फ प्रस्थान गयौं । अवलोकनका क्रममा देखा परेका सकारात्मक पक्षहरु तपसिल अनुसार रहेका छन् ।

<u>तपसिलः</u>

- सत्यवती गाउँपालिकाको लगानिमा उत्कृष्ट पर्यटकीय स्थल निर्माण भएको,
- चिसो मौसम र उच्च स्थानमा रहेकाले पर्यटन प्रवर्द्धनको प्रचुर सम्भावना रहेको,
- बौद्ध स्तुपा निर्माण रहि धार्मिक गतिविधि सम्बन्धी कार्य हुने गरेको,

- ❖ हरेक क्रियाकलापबाट आजित र थकित मानवलाई शान्त र मनोरम वातारवरणयुक्त स्थल रहेको जसले गर्दा मानवमा सकारात्मक उर्जाको विकास हुने गरेको,
- ❖ उक्त स्थानको वरिपरि प्रचुर मात्रामा औषधिजन्य गुण भएका दुर्लभ जडिबुटीहरुको भण्डार रहेको,

## ६. भ्रमणका सबल पक्षहरु

पूर्व योजना अनुरुप कार्य सम्पादन भएको जसले गर्दा उद्देश्य अनुरुप काम हुनुका साथै त्यसका अतिरिक्त रमणीय, पर्यटकीय र धार्मिक स्थलको समेत अवलोकन गर्ने अवसर प्राप्त भएको । निर्धारित समयमा उद्देश्य अनुरुप कार्य सम्पादन गरी विद्यालयमा आएर वृक्षारोपण समेत गर्न सफल भएको ।

## ७. भ्रमणका दुर्बल पक्षहरु

मौसम प्रतिकुल हुँदा भार्से देउरालीमा चाहेर पनि सोचे अनुरुपको बसाई व्यवस्थापन हुन नसकेको ।

## ८. सुझाव तथा निष्कर्ष

आगामि दिनहरुमा यस्ता खाले अवलोकन भ्रमण गर्दा अहिले बनाए जस्तै योजना बनाई भ्रमण गर्न सके फलदायी हुने र भ्रमणमा देखिएका सकारात्मक कुराहरुलाई क्रमशः विद्यालयमा लागु गर्दै जान सके राम्रो हुने ।

# ९. परिशिष्ट खण्ड

<u>श्री ग्वाघा माध्यमिक विद्यालयका केही झलकहरु</u>






















<u>श्री ग्वाघा माध्यमिक विद्यालयका केही झलकहरु</u>

# भार्से देउरालीका केही झलकहरु







